## मिति २०७६/०५/१३ गते बसेको कार्यापालिका बैठक संख्या ३५ का निर्णहरु :

**निर्णय नं. १ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७६ श्रावण १ गते देखी लागु हुने गरी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | ईन्जिनियर | श्री धनकुमार लामातामाङ्ग |
| २. | सव ईन्जिनियर | श्री सुमन श्रेष्ठ |
| ३. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ४. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ५. | असिस्टेन्ट सव ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ६. | कम्प्यूटर अपरेटर | श्री अनितापन्त ढकाल |
| ७. | कार्यालय सहायक | श्री लिला रावल |
| ८. | कार्यालय सहायक | श्री सिता सिवाकोटी |
| ९. | कार्यालय सहायक | श्री रञ्जना उप्रेती नेपाल |
| १०. | कार्यालय सहायक | श्री केशरी माया पाठक |
| ११. | कार्यालय सहायक | श्री कृष्ण प्रसाद पराजुली |
| १२. | कार्यालय सहायक | श्री गिता राई |
| १३. | कार्यालय सहायक | श्री महेश प्रसाद ढकाल |
| १४. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| १५. | कार्यालय सहयोगी | श्री बालगोविन्दमहतो (अस्थायी) |
| १६. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे(अस्थायी) |
| १७. | कार्यालय सहयोगी | श्री लक्ष्मीअर्याल(अस्थायी) |
| १८. | कार्यालय सहयोगी | श्री हरीलालअधिकारी (अस्थायी) |
| १९. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| २०. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| २१. | कार्यालय सहयोगी | श्री मोनिकाचौधरी |
| २२. | कार्यालय सहयोगी | श्री सुमित्राचौलागाई |
| २३. | कार्यालय सहयोगी | श्री गोमाचौलागाई डोटेल |
| २४. | कार्यालय सहयोगी | श्री सुस्माचौधरी |
| २५. | कार्यालय सहयोगी | श्री सुकमायातमाङ्ग |
| २६. | कार्यालय सहयोगी | श्री सर्मिलासिलवाल |
| २७. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| २८. | हलुका सवारी चालक | श्री भिष्मा चौधरी |
| २९. | हेभी सवारी चालक | श्री प्रकाशबहादुर श्रेष्ठ |
| ३०. | सुरक्षागार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| ३१. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| ३२. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |

**स्वास्थ्यतर्फकाकर्मचारीहरु**

| | | |
|---|---|---|
| ३३. | अहेब | श्री शर्मिला चौधरी |
| ३४. | अनमी | श्री लक्ष्मी शर्मा |

| | | |
|---|---|---|
| ३५. | अनमी | श्री निर्मला महतो |
| ३६. | अनमी | श्री चन्द्रा कार्कि |
| ३७. | अनमी | श्री सुनिता सापकोटा |
| ३८. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ३९. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| ४०. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ४१. | कार्यालय सहयोगी | श्री अन्जली अर्याल |
| ४२. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |
| **दमकल तर्फका कर्मचारीहरु** | | |
| ४३. | दमकल चालक | श्री नमराज रिजाल |
| ४४. | हेभी सवारी चालक | श्री खेमनारायण श्रेष्ठ |
| ४५. | हेभी सवारी चालक | श्री राजकुमार चौधरी |
| ४६. | हेभी सवारी चालक | श्रीराम चौधरी |

**निर्णय नं. २ :**

यस नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतलाई २०७६ आषाढ मसान्त सम्म मासिक पारीश्रमीक स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रमबाट ७५ प्रतिशत र २५ प्रतिशत रकम यस नगरपालिकाबाट व्यहोर्ने गरी करारमा राखीएको र २०७६ श्रावण १ देखी साविककै अनुपातमा पारिश्रमीक भुक्तानी गर्ने गरी ६ महिनाका लागि करार अवधी थप गरी नगर कार्यपालिकाको कार्यालयको मिति २०७६/४/२ को निर्णयानुसार करार सम्झौता गरिएकोमा सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

कर्मचारी समायोजन गर्ने क्रममा संघिय सरकारबाट यस नगरपालिकाको लागि स्वीकृत कर्मचारी दरबन्दी भन्दा बाहेकको कर्मचारीहरु पनि समायोजन भई आएका छन् । नेपाल सरकार मा.मन्त्रिस्तरको मिति २०७६/३/८ को निर्णय तथा विभिन्न मितिका पत्रानुसार विभिन्न सेवा समूहका कर्मचारीहरु समायोजन भई आएका छन । त्यस्ता निर्णयानुसार समायोजन भई आएका कर्मचारी हरुलाई मिल्दो पद नभए पनि दरबन्दी पुनरावलोकन त्यहीबाट गरी अन्य सेवा समूहको दरबन्दी रिक्त रहेको छ भने सो दरबन्दी कटौती गरी समायोजन भएको कर्मचारीको पद अनुसारको दरबन्दी कायम गरी कर्मचारीलाई हाँजीर गराई कामकाज गराउने भन्ने पत्रहरु प्राप्त भएकाछन । तसर्थ त्यसरी स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा समायोजन भई आएका विविध सेवा लगायत अन्य सेवा समूहका कर्मचारीहरुलाई हाँजीर गराई निजहरुलाई तलब भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र आगामी नगर अधिवेशनबाट त्यस्ता कर्मचारीहरुको दरबन्दी पुनरावलोकन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

गत आ.व.मा विभिन्न कर्मचारीहरुलाई भुक्तानी दिन बाँकी तलब, भत्ता, प्रोत्साहन भत्ता, औषधी खरिद वापतको रकम तथा विभिन्न योजनाको भुक्तानी दिन बाँकी रकमलाई अनुमोदन गरी यस चालु आ.व.को मौज्दात रकमबाट भुक्तानीको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**(क) कर्मचारी तलब भत्ता रकम :**

| क्र.सं. | कर्मचारीको नाम | पद | भुक्तानी बाँकी रहेको अवधी र शिर्षक | भुक्तानी बाँकी रकम रु. |
|---|---|---|---|---|
| १ | श्री सबिता खनाल | म.वि.नि. | २०७६ आषाढ महिनाको तलब | ३३,०८५।- |

| | | | | |
|---|---|---|---|---|
| १ | श्री सबिता खनाल | म.वि.नि. | २०७६ जेठ र आषाढ महिनाका महंगी भत्ता | ४,०००।- |
| २ | श्री सरस्वती चालिसे | स.म.वि.नि. | २०७६ आषाढ महिनाको तलब | २९,२२६।- |
| २ | श्री सरस्वती चालिसे | स.म.वि.नि. | २०७६ जेठ र आषाढ महिनाका महंगी भत्ता | ४०००।- |

**(ख) कर्मचारी प्रोत्साहन वापतको रकम :**

| क.सं. | कर्मचारीको नाम | पद | भुक्तानी बाँकी रहेको अवधी र शिर्षक | भुक्तानी बाँकी रकम रु. |
|---|---|---|---|---|
| १ | श्री हिम शर्मा पौडेल | स्था.शि.अ. | २०७६ माघ, फाल्गुण र चैत्रको प्रोत्साहन रकम | १८८३०।- |
| २ | श्री मोहदत्त सापकोटा | लेखा अधिकृत | २०७६ बैशाख महिनाको प्रोत्साहन रकम | ४,०००।- |
| ३ | श्री सरस्वती चालिसे | स.म.वि.नि. | २०७६ बैशाख, जेठ र आषाढ महिनाको प्रोत्साहन रकम | ४०००।- |
| ४ | श्री महेश ढकाल | कार्यालय सहायक | २०७६ आषाढ महिनाका प्रोत्साहन रकम | २०००।- |
| ५ | श्री रञ्जना उप्रेती नेपाल | कार्यालय सहायक | २०७६ आषाढ महिनाका प्रोत्साहन रकम | १०००।- |

**(ग) औषधीको भुक्तानी दिन बाँकी**

(१) श्री गौरी मेडिसिन सप्लायर्स, काठमाण्डौ रु.१,२८,०४०।-

**(घ) योजनाहरुको भुक्तानी दिन बाँकी रकम**

(१) राजमार्ग देखी ज्ञानसुधा बोर्डिङ्ग स्कूल हुँदै २ नं. वडाको सिमानासम्म कालोपत्रे वडा नं. ८ रु. ५,००,०००।-

(२) वडा नं. २ र ४ को सिमानामा पर्ने औद्योगीक क्षेत्र जाने बाटोको गत आ.व.मा काम सम्पन्न भई कूल लागत मूल्याङ्कन गर्न र केही रकम भुक्तानी दिन बाँकी रहेकोमा सोको मूल्याङ्कन गरी वडा नं. २ र ४ को यस आ.व.को बजेटमा रु.५,००,०००।- का दरले बिनियोजित रु.१०,००,०००।- बाट भुक्तानी गर्दा बाँकी रहन जाने रकम नगरपालिकाको मौन्दात रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

(३) सडक बोर्ड नेपालबाट गत आ.व.मा यस नगरपालिकाको लागि रु.३५,००,०००।- बिनियोजन भएकोमा उक्त बिनियोजन रकम र अनुपातिक हिसाबले नगरपालिकाले व्यहोर्ने गरी ३ वटा योजना सञ्चालन भएकोमा सडक बोर्ड नेपालबाट भुक्तानी भएर बाँकी रहने रकम यस कार्यालयको मौन्दात रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

(४) यस नगरपालिकाको वडा नं. ५ गौचरनमा रहेको बुढी राप्ती खोला र वडा नं. ७ र ९ को सिमानामा पर्ने पम्पा खोला खोल्ने (खोला फर्काउने कार्य गर्न) काम गर्न मिति २०७५/१२/११ को वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयानुसार काम लगाई काम सम्पन्न समेत भएको र सो कार्यबाट कूल उत्खनन् भएको माटोको प्राविधिक मूल्याङ्कन गरी हिसाब गर्दा वडा नं. ५ को बुढी राप्ती खोला खोल्ने कामको लागि लागेको रकम रु.१७,५०,००००।- र वडा नं. ७ र ९ को सिमानामा पर्ने पम्पा खोला

खोल्ने कामको लागि लागेको रकम रु.१२,९२,०००।- गरी जम्मा रु. ३०,४२,०००।- नगरपालिकाको मौज्दात रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**(ङ) निम्नानुसारको योजनामा रकम रकम बिनियोजन गरी काम सञ्चालन गर्ने**

(१) ईलाका प्रहरी कार्यालय मर्मत संभार वडा नं. ६ - रु.५,००,०००।-

(२) पुरानो पर्सा बजार सडक निर्माण वडा नं. ६ - रु.६,५०,०००।-

(३) पर्सा बजारमा राख्ने घुम्ती शौचालय निर्माण वडा नं. ८ - रु.१५,००,०००।-

(४) नगरपालिकाका लागि जेनेरेटर खरिद - रु.१७,००,०००।-

**निर्णय नं. ५ :**

यस नगरपालिकाले “टोल विकास संस्था गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ जारी गरी सकेको र कतिपय वडाबाट टोल विकास संस्था गठन भई नआएकोले यही २०७६ कार्तिक मसान्त सम्ममा सबै वडाले “टोल विकास संस्था गठन गरी नगरपालिकामा दर्ता गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नगर कार्यपालिकाको कार्यालयबाट तयार गरी विधायन समितिमा छलफल गरी पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु पारीत गर्ने निर्णय गरियो ।

(१) युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७६

(२) संस्थागत विद्यालय छात्रवृती व्यवस्थापनकार्यविधि २०७६

(३) स्रोत शिक्षक व्यवस्थापन कार्यविधि २०७६

**निर्णय नं. ७ :**

नगर कार्यपालिकाको कार्यालयबाट तयार गरी लेखाशाखा प्रमुखले पेश गर्नु भएको आ.व. २०७५/०७६ को वार्षिक आर्थिक प्रतिवेदन पेश भई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

खैरहनी नगरपालिकाअन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुले विद्यार्थीसँग लिने शुल्कमा वृद्धिका सम्बन्धमा खैरहनी नगरपालिका शिक्षा नियमावली, २०७५ को नियम ६३ बमोजिमको विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिबाट सरोकारवालासँगको राय परामर्श समेतका आधारमा तपसिल बमोजिम शुल्क वृद्धिको औचित्य र आधार तथा शुल्क वृद्धि भएपछि संस्थागत विद्यालयले पालना गर्नु पर्ने सर्तहरु सहित शुल्क वृद्धिका लागि गरिएको सिफारिसउपर छलफल गर्दा सिफारिस बमोजिम संस्थागत विद्यालयको अधिकतम् शुल्क सिमा कायम गरी सो सिमाभित्र आ/आफ्नो विद्यालय व्यवस्थापन समितिबाट विद्यालयगत शुल्क अनुमोदन गराई २०७६ श्रावणबाट लागु गर्न पाउने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो:

| क्र. सं. | विवरण | कक्षा | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू.प्रा. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| | लिइरहेको रू | ११५० | १२३० | १२८० | १३६० | १३९० | १४५० | १५५० | १६३० | १७०० | १९३० | २०९० | |
| १ | वृद्धि रु. | २७५ | ३०० | ३१० | ३२० | ३२० | ३२० | ४०० | ४०० | ४०० | ४५० | ५०० | |
| २ | जम्मा रू. | १४२५ | १५३० | १५९० | १६८० | १७१० | १७७० | १९५० | २०३० | २१०० | २३८० | २५९० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वृद्धि प्रतिशत | २३.९ | २४.३ | २४.२ | २३.५ | २३ | २२ | २५.८ | २४.५ | २३.५ | २३.३ | २३.९ | |
| | उल्लिखित शुल्कवृद्धिका आधारमा हुन आउने औषत वृद्धि प्रतिशत.२३.८ | | | | | | | | | | | | |

अन्य श्रेणीका विद्यालयहरुको हकमा "ग" श्रेणीलाई आधार मानी शिक्षा ऐन तथा नियमावली अनुसार "ख" श्रेणीका विद्यालयले थप २५ प्रतिशत र "क" श्रेणीका विद्यालयले थप ५० प्रतिशत सम्म शुल्क लिन पाउनेछन् भने "घ" श्रेणीका र वर्गीकरण नभएका विद्यालयले "ग" श्रेणीको भन्दा २५ प्रतिशत कम शुल्क लिन पर्नेछ ।

**निर्णय नं. ९ :**

यस नगरपालिकाको वडा नं ८ मा संस्थागत विद्यालयका रुपमा सञ्चालित श्री ग्लोसाइन इङ्गलिस स्कुलले २०६७ सालमा साविक उच्च माध्यमिक शिक्षा परिषद्बाट व्यवस्थापन विषयमा कक्षा ११ सञ्चालनको अनुमति प्राप्त गरी पठनपाठन गराउँदै आएकोमा शैक्षिक सत्र २०७६ बाट कक्षा ११ मा होटल म्यानेजमेन्ट विषय थप गरी पठनपाठन गर्न अनुमतिका लागि नगरपालिकामा निवेदन पेश गरेको विषयमा नगर शिक्षा समितिको सिफारिसका आधारमा खैरहनी नगरपालिका शिक्षा नियमावलीको नियम १९ बमोजिम उक्त विद्यालयलाई शैक्षिक सत्र २०७६ बाट कक्षा ११ मा होटल म्यानेजमेन्ट विषय थप गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस नगरपालिकाको वडा नं १० मा संस्थागत विद्यालयका रुपमा सञ्चालित सिर्जनशील शिक्षा निकेतनले कक्षा ५ सम्म सञ्चालन अनुमति प्राप्त गरेकोमा शैक्षिकसत्र २०७५ मा बिनाअनुमति कक्षा ६ सञ्चालन गरेको सम्बन्धमा आवश्यक कारबाहीका लागि नगर शिक्षा समितिबाट सिफारिस भई आएकोमा उक्त विद्यालयलाई नगरपालिकाबाट सो विषयमा सोधिएको स्पष्टीकरणको जवाफमा सो कुरा स्वीकार गरी क्षमा याचना गर्नुका साथै शैक्षिक सत्र २०७६ मा अनुमति प्राप्त कक्षाहरुमात्र सञ्चालन गरेको र आगामी दिनमा शिक्षा ऐन तथा नियमावलीको पालना गर्ने लिखित प्रतिबद्धता व्यक्त गरेको हुँदा आगामी दिनमा त्यस विद्यालयले पुनः यसप्रकारको कार्य गरेमा शिक्षा ऐन तथा नियमावली र अन्य प्रचलित कानुन बमोजिम कारबाही गर्ने गरी एक पटकका लागि सचेत गराइएको पत्र पठाउने निर्णय गरियो ।